**खुम्बु पासाङल्हामु गाउँपालिका**
**सोलुखुम्बु जिल्ला,**
**प्रदेशनं. १**
**नेपाल**
**स्थानीय सरकारबाट प्रकाशित**

**खुम्बु पासाङल्हामु गाउँपालिकाराजपत्र**

---

**प्रस्तावना:** खुम्बु पासाङल्हामु गाउँपालिकामा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्यको गुणस्तरीयता र सवैको पहुँच कायम गर्न तथा उपचार खर्चमा नागरिकलाई वित्तीय सुरक्षा प्रदान गर्न गाउँ क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल उच्चप्र विधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न वाञ्छनीय भएकाले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वास्थ्य र सरसफाई ऐन, २०७६ को दफा (३१) को अधिकार प्रयोग गरी खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिकाले देहाएको नियमहरु स्वीकृत गरी लागू गरेकोछ

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमावलीको नाम "स्वास्थ्य तथा सरसफाई नियमावली, २०७६ रहेकोछ।

(२) यो नियम तुरुन्त लागू हुनेछ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा,

(क) "ऐन" भन्नाले" स्वास्थ्य तथा सरसफाई ऐन, २०७६" लाई सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका बुझ्नुपर्दछ।

(ग) "गाउँकार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनुपर्दछ।

(छ) "वडाअध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको वडाअध्यक्ष सम्झनुपर्दछ।

(ज) "कार्यपालिका सदस्य" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्दछ सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा ध्यक्षस मेतलाई बुझाउँछ ।

(झ) "शाखा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धमा कामगर्न तोकिएको शाखा सम्झनुपर्दछ।

(ञ) "स्वास्थ्यसंस्था" भन्नाले गाउँपालिकावाट सञ्चालित तथा निजी क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था सम्झनुपर्छ।

**स्पष्टीकरण** : सो शब्दले गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य उपचारको लागि खोलिएका शुल्कलिने वा नलिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र रस्वास्थ्य चौकी, क्लिनिक, नर्सिङहोम, बैद्यखाना, सुधार केन्द्र, अनुसन्धान केन्द्रर डाइग्नोसिस सेन्टर, रक्त सञ्चार केन्द्र आदि समेतलाई बुझाउँछ)

(ट) "स्वास्थ्य व्यवसाय" भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार, भण्डारण, बिक्री वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसाय बुझ्नुपर्दछ।

(ठ) "स्वास्थ्यप्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित रुपमा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्क नगर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको कर्मचारी बुझ्नुपर्दछ।

(ड) "कर्मचारी"भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारीस मेतलाई बुझ्नुपर्दछ।

(ढ) "अनुमति"भन्नाले नेपालसरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरीनसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसाय खोल्न दिईएका रुपमा अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ण) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरागरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउँछ।

## परिच्छेद– २

## स्वास्थ्य संस्था खोल्ने अनुमति दिने वा स्वीकृति र खारेजी सम्वन्धी व्यवस्था

३. स्वास्थ्य संस्था खोल्न अनुमतिको लागि निवेदन दिनुपर्ने स्स्वास्थ्य संस्था स्थापना गरी सञ्चालन गर्नकालागि सामुदायिक वा निजीव्यवसायले निवेदन पेश गरेपछि देहाय बमोजिम हुनेछ ।

(क) यसरी निबेदन पेश गरिसकेपछि स्वास्थ्य शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरुर स्थलगत जाँच बुझगर्नेछ ।त्यसरी जाँच बुझगरेपछि प्रस्तावित स्वास्थ्य संस्थाकालागि नियम ९४० बमोजिमको पूर्वाधारपूरा भएको देखिएमा आधारभूत स्वास्थ्य संस्थाको हकमा आफ्नो रायसहितको प्रतिवेदन शाखा प्रमुखले स्वास्थ्य समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(ख) यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको स्वास्थ्य सामुदायिक वा संस्थागत कुन स्वरुपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो सोका सम्बन्धमा स्वास्थ्य शाखा प्रमुखले बिश्लेषण गरी सिफारिस तयार गर्नु पर्नेछ ।

(ग) ऐनको दफा (३) को उपदफा (८) अनुसार त्यस्ता संस्थाहरुले कार्यपालिकामा तोकिए बमोजिमको ढाँचामा सम्पूर्ण विवरण सहितको निवेदन पेशगर्नु पर्नेछ ।

(घ) ऐनको दफा (३) को उपदफा (३) अनुसार गाउँपालिकाको स्वामित्वमा रहने बाहेकका अन्य कुनै पनि स्वास्थ्य संस्था र स्वास्थ्य सम्बन्धी व्यवसाय गर्न सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिईने छैन।

४. स्वास्थ्य संस्था खोल्नको लागि पूरा गर्नुपर्ने पूर्वाधार स्स्वास्थ्य संस्था खोल्नको लागि अनुसूचि–१ बमोजिमको मापदण्ड र पूर्वाधार पूरा गरेको हुनुपर्नेछ ।उक्त मापदण्ड र पूर्वाधार पूरा भएको खण्डमा अनुसूचि–२ बमोजिमको फारम पेश गर्नुपर्नेछ।

५. स्वास्थ्य संस्था खोल्न स्विकृति लिने (१) नियम (३) बमोजिम स्वास्थ्य संस्था खोल्ने अनुमतिको लागि निवेदन परेमा स्वास्थ्य शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्ने छ । त्यसरी जाँचबुभ गर्दा प्रस्तावित स्वास्थ्य संस्थाका लागि नियम (४) बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत स्वास्थ्य संस्थाको हकमा आफ्नो रायसहितको प्रतिवेदन शाखा प्रमुखले स्वास्थ्य समितिको बैठकमा पेशगर्नु पर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको स्वास्थ्य संस्था सामुदायिक वा संस्थागत कुन स्वरुपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो सोको सम्बन्धमा यकीन गरिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यपालिका समक्ष पठाउनु पर्नेछ । यसरी प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले स्वीकृति दिने निर्णय गर्न सक्नेछ ।

(३) यसरी स्विकृति दिँदा स्विकृति प्राप्त भएको पैँतालिस दिन भित्र लागू गरिनेछ ।

(४) उपनियम (२) बमोजिम स्वास्थ्य समितिले स्वास्थ्य संस्था खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा स्वास्थ्य संस्थाको नक्शाङ्कन, स्वास्थ्य संस्था योजना र गाउँ स्वास्थ्य समितिले निर्धारण गरेको गाउँपालिका र वडाको लागि स्वास्थ्य संस्थाको अधिकतम संख्याको अधीनमा रहीदिनु पर्नेछ ।

(५) कसैले ऐन तथा यस नियमावली विपरित अनुमति दिएको वा प्राप्त गरेको पाईएमा गाउँकार्यपालिकाले छानबिन गरी त्यसरी अनुमति प्राप्त स्वास्थ्य संस्था अनुमति जुनसुकै बखत रद्ध गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(६) स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने शर्त तथा बन्देज स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन

(क) प्रचलित कानून बमोजिम सङ्घिय सरकारबाट कुनै प्रकारको स्विकृति वा अनुमति लिनुपर्ने भए त्यस्तो स्विकृति अनुमति लिएको हुनु पर्नेछ ।

(ख) नेपाल सरकारबाट स्वीकृत स्वास्थ्य सेवाको मापदण्ड अनुरुप सेवा सञ्चालन तथा नियमन गर्नुपर्ने,

(ग) स्वास्थ्य समितिको स्वीकृति नलिई थपपूर्वाधार तथा सेवा प्रदान गर्ननहुने,

(घ) नागरिकको स्वास्थ्य प्रति आँच आउने क्रियाकलाप गर्न, गराउन नहुने ।

(ङ) स्वास्थ्य संस्थामा बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकता र समावेशीमैत्री वातावरण सृजना गर्ने,

(च) स्वास्थ्य संस्थाको वार्षिक भेलाग राई स्वास्थ्य संस्थाको आयव्यय, उपलब्धि र आगामी कार्यक्रमको जानकारी गराउने,

(छ) यस नियमावली बमोजिम आयव्ययको लेखा राख्नुपर्ने,

(ज) स्वास्थ्य संस्थाले गरेको लगानीको अभिले खराख्नुपर्ने,

(झ) स्वास्थ्य संस्थामा नेपालको राष्ट्रियएकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक, सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुनन दिने,

(ञ) सामुदायिक स्वास्थ्य संस्थामा गाउँपालिकाले तोकेको संख्याको अधिनमा रही स्वास्थ्य सेवा ऐन अनुसार चिकित्सक तथा अन्य कर्मचारी नियुक्ति गर्नुपर्ने,

(ट) स्वास्थ्यसंस्थामाआवश्यकताअनुरुपस्वास्थ्यप्रबर्द्धनक्रियाकलापतथास्वास्थ्यकार्यक्रमसञ्चालनगर्नुपर्ने,

(ठ) गाउँसभालेपारितगरेकोकानूनतथास्वास्थ्यनीतिकोअधिनमारहीकामगर्नुपर्ने,

(ड) यस नियमावली बमोजिम पूरा गर्नुपर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने रस्वास्थ्य सेवा संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तरबृद्धि गर्नुपर्ने,

(ढ) गाउँपालिका वा स्वास्थ्य शाखाले निर्धारण गरेको ढाँचामा स्वास्थ्य संस्थाले तथ्याङ्क तयार गरी प्रत्येक आर्थिक वर्षको अन्त्य हुन ३५ दिन भित्र स्वास्थ्य शाखामा पठाउनु पर्ने,

(ण) स्वास्थ्य संस्थाले सेवाग्राहीका लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनुपर्ने,

(त) तोकिएको मापदण्ड अनुरुप स्वास्थ्य संस्थाको भवन तथा सेवा प्रदान गर्ने कोठाहरु सफा तथा सुरक्षित राख्नुपर्ने,

(थ) प्रत्येक वर्ष स्वास्थ्य संस्थाको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन स्वास्थ्य शाखामा पठाउनुपर्ने।

७. स्वास्थ्य संस्था खोल्न स्वीकृति प्रदान गर्ने ऐनको दफा (५) कोउपदफा (२) बमोजिम स्वीकृति दिने निर्णय भएमा प्रमुख प्रशासकिय अधिकृतले नियम (६) बमोजिमको शर्त पालना गर्ने प्रतिबद्धता पत्रमा निवेदकलाई सहीछाप गराई अनुसूचि (६) बमोजिमको ढाँचामा स्वीकृती प्रदान गर्नेछ ।

८. मुनाफानलिने स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी व्यवस्था(१) ऐनको दफा (३) उपदफा (६) अनुसार कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफानलिने उद्देश्यबाट स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा नियम (३) उपनियम (क) मातोकिएको प्रक्रियाबाट स्वीकृतिलिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था सञ्चालन गर्न देहायअनुरुप हुनसक्नेछ:-

क. सङ्घीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो स्वास्थ्य संस्था स्वीकृति र सेवा कक्ष थप सम्बन्धी व्यवस्था नियम ३, ५ र ७ माउल्लेख भए बमोजिम हुनेछ ।

ख. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपनियम (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधा र अनुसूची–१मा उल्लेख भए बमोजिम हुनेछ ।

ग. गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धी नीति त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

९. कम्पनी ऐन अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थालाई गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था

१०. सामुदायिक वा सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालन गर्दा देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक संगठित संस्थाको रहेको हुनुपर्ने,

(ख) गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा ७ (सात) जना सदस्य हुनुपर्ने

(ग) आयव्ययको लेखा तोकि एबमोजिम राखी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) कम्पनी अन्तर्गत सञ्चालन नभएको कुनै स्वास्थ्य संस्थालाई गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको स्वीकृतिको लागि अनुसूची–२ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(ङ) नियम (८) को उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय स्वास्थ्य अधिकृत वा निरीक्षकद्वारा त्यस्तो स्वास्थ्य संस्थाको जाँच बुझ गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(च) नियम (८) को उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदन साथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो स्वास्थ्य संस्थालाई गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखेमा स्वास्थ्य समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नुपर्नेछ

(छ) नियम (८)को उपनियम (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूचि–५ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।

१०. नियम (८) र (९) बमोजिमको स्वास्थ्य संस्था सञ्चालन गर्न कार्यपालिकाबाट स्वीकृती प्राप्त गरे पनि प्रचलित सङ्घिय ऐन बमोजिम सङ्घिय सरकारबाट स्वीकृति वा अनुमति लिनु पर्ने भए त्यस्तो स्वीकृति वा अनुमति लिनुपर्नेछ ।

११. नेपाल सरकारको पूर्वस्वीकृति नलिई बिदेशी शिक्षण संस्थासँग सम्बन्धन लिई स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्वीकृति दिन सकिने छैन ।

१२. यस नियम प्रारम्भ हुनु अघि दर्ता भएका स्वास्थ्य संस्था सम्बन्धी व्यवस्था (१) माथि जुनसुकै कुरा उल्लेख भएता पनि यस नियम प्रारम्भ हुनु अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु यसै नियमावली बमोजिम सञ्चालन भएको मानिने छन्। तर यस अघि सञ्चालन भएका स्वास्थ्य संस्थाले कार्यपालिकाले तोकेको ढाँचामा विवरण र कागज पत्र पेश गरी प्रक्रिया बमोजिम अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण प्राप्त भए पछि स्वास्थ्य शाखाले यस नियमावली बमोजिम सञ्चालन गर्न सकिने नसकिने र सकिने भए गर्नुपर्ने सुधारको खाका सहित प्रतिवेदन पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन समेतको आधारमा स्वास्थ्य शाखाले स्वास्थ्य समिति समक्ष सञ्चालन अनुमति दिन नसकिने भए सोही बमोजिम र शर्त सहित सञ्चालन गर्न पर्ने भए नियम (६) मा उल्लेखित शर्तको विवरण सहित पेश गर्नेछ ।

(४) स्वास्थ्य समितिको निर्णय बमोजिम स्वास्थ्य शाखा प्रमुखले अनुसूचि–८ बमोजिमको ढाँचामा स्वास्थ्य संस्था दर्ता प्रमाण पत्र दिनेछ ।

१३. गुठी तथा अन्य नेपाल सरकारले अनुदान दिने सार्वजनिक गुठी, निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित स्वास्थ्य संस्थाको नियमनको लागि सङ्घीय स्वास्थ्य मन्त्रालयले जारीगरेको कार्यविधि अनुसार हुनेछ ।

१४. स्वास्थ्य संस्था गाभ्न सकिने (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन देहायको कुनै अवस्थामा दुई वा दुई भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभी एउटा स्वास्थ्य संस्थाकायम गर्न सकिनेछ ।

(क) अनुसूची–१बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) जनसंख्या र सेवाग्राहीको अनुपातमा स्वास्थ्य सेवा लिने सेवाग्राहीको संख्या न्यून भएमा,

(ग) दुई वा सो भन्दा बढी स्वास्थ्य संस्थाको परिसर एक आपसमा जोडिएको भएमा,

(घ) दुई वा सो भन्दा बढी स्वास्थ्य संस्थाको बीचको पैदल दूरी तीस मिनेट भन्दा कम रहेको भएमा,

(ङ) दुई वा सो भन्दा बढी स्वास्थ्य संस्थाका व्यवस्थापन समितिले स्वास्थ्य संस्था गाभ्न संयुक्त निवेदन दिएमा ।

(२) उपनियम (१) बमोजिमको आधारमा स्वास्थ्य संस्था गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता स्वास्थ्य संस्थाको लागि आवश्यक चिकित्सक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको चिकित्सक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ

(३) यस नियममा उल्लेखित स्वास्थ्य संस्थाको गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले स्वास्थ्य समितिको सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्दभएको स्वास्थ्य संस्थामा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल वा सीपविकास केन्द्र, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन अनुमति दिनसकिनेछ ।

१५. गाभिएका वा बन्द गरिएका स्वास्थ्य संस्थाको सम्पत्तीको व्यवस्थापन (१) नियम (१४) बमोजिम स्वास्थ्य संस्था गाभिएमा गाभिने स्वास्थ्य संस्थामा रहेको चलअचल सम्पत्ति, फर्निचर, स्वास्थ्य उपकरणहरु तथा अन्य सामाग्री गाभिएको स्वाथ्य संस्थाको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

१६. स्वास्थ्य संस्थाको तह वा सेवा कक्ष घटाउन सकिनेछ, कुनै स्वास्थ्य संस्थाको सम्बन्धमा नियम (१४) को अवस्था विद्यमा नरहेको भएतापनि स्वास्थ्य संस्थाको गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा स्वास्थ्य शाखाको सिफारिसमा कार्यापालिकाले त्यस्तो स्वास्थ्य संस्थाको माथिल्लो तह वा सेवा कक्ष घटाउन सक्नेछ तर त्यसरी आदेश दिंदा प्रचलित सङ्घिय ऐनलाई समेत आधार मान्नुपर्नेछ ।

१७. स्वास्थ्य संस्थाको सेवा कक्ष थप गर्न सकिनेछ, (१) कुनै स्वास्थ्य संस्थाको सेवा कक्ष थप गर्न चाहेमा दुई महिना अगावै स्वास्थ्य समिति समक्ष निवेदन दिनुप र्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा समितिले थप हुने सेवा कक्षको लागि नियम (४) बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँच बुझ गर्न स्वास्थ्य शाखामा पठाईनेछ । स्वास्थ्य शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त स्वास्थ्य समितिमा पेश गरी समितिको सिफारिस अनुसार गाउँकार्यपालिकाले सेवा कक्ष थप गर्न अनुमति दिनसक्नेछ

(३) परिच्छेद २ कोउपनियम (६) मा जुनसुकैकुरा लेखिएको भएतापनि सेवा कक्ष थप गर्ने स्वीकृतदिंदा प्रचलित सङ्घिय कानूनले निर्धारण गरेको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

## परिच्छेद–४
## स्वास्थ्य संस्था व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

१८.स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति: (१) ऐनकोदफा (८) कोउपदफा (२) बमोजिम प्राथमिक स्वास्थ्यकेन्द्रको हकमा देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिर हनेछः

| | |
|---|---|
| (क)गाउँपालिका उपाध्यक्ष | – संरक्षक |
| (ख) सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिलेतोकेको सदस्य | – अध्यक्ष |
| (ग) अध्यक्षले मनोनित गरेकोव्यक्ति | – उपाध्यक्ष |
| (घ) प्राथमिक स्वास्थ्यकेन्द्र रहेकोक्षेत्रको विद्यालयको प्रमुख एकजना | – सदस्य |
| (ङ) स्थानीय उद्योग बाणिज्यसंघ/स्थानी यव्यवसायबाट प्रतिनिधि एकजना | – सदस्य |
| (च) संरक्षकवाट मनोनित स्थानीय लव्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एकजना महिला | – सदस्य |
| (छ) संरक्षकबाट मनोनित वडा कार्यालय अधिकृत वा वडा सचिव वा कार्यालयसहायक | – सदस्य |

(ज) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख – सदस्य सचिव

(२) ऐनको दफा११ बमोजिम सामाजिक गुठी स्वास्थ्य सस्थामा देहाय बमोजिम सञ्चालक तथा व्यवस्थापन समिति रहनेछ:

(क) सञ्चालकहरुमध्येबाट चुनिएको – अध्यक्ष

(ख) सम्बन्धित वडाको समितिले तोकेको वडाध्यक्ष वा सदस्य १ जना – सदस्य

(ग) गाउँस्वास्थ्य समितिले तोकेको १ जना –सदस्य

(घ) स्वास्थ्यचौकी रहेको क्षेत्रको विद्यालयको प्रमुखमध्ये अध्यक्षले तोकेको १ जना –सदस्य

(ङ) स्थानीय लव्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तीमा एक महिलासहित दुईजना – सदस्य

(च) सञ्चालकहरुमध्ये वढीमा ४जना (स्वास्थ्य प्राविधिक र प्रशासनिकक्षेत्रसहित) –सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख प्रशासक – सदस्य सचिव

(३) ऐनको दफा (११) बमोजिम निजी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङहोम जस्ता बिस भन्दा वढी स्वास्थ्यकर्मीले सेवा दिने सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ:

(क) सम्बन्धित संस्थाले तोके बमोजिम वढीमा नौ जनासम्मको समिति हुनेछ।

(ख) अध्यक्ष सञ्चालकहरुमध्येबाट र सदस्य सचिव प्रमुख प्रशासक हुनेछ।

(ग) सम्बन्धित वडाध्यक्ष र गाउँ स्वास्थ्य समितिका एकजना प्रतिनिधि पदेन सदस्य हुनेछ।

(घ) स्थानीय समाज सेवीहरुमध्ये कम्तीमा एकजना समितिले मनेनित गर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल दुईवर्षको हुनेछ।

(५) व्यवस्थापन समितिको म्यादस किनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठनगरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नुपर्नेछ। तोकिए बमोजिमको समयमा गठन नभएमा व्यवस्थापन समितिको गठन गाउँस्वास्थ्य समिति स्वयमले गर्नेछ।

(६) राजिनामा स्वीकृतगर्ने: स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यको राजिनामा सो समिति काअध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजिनामा स्वीकृति स्वास्थ्य व्यवस्थापन समितिको संयोजकले गर्नेछ।

(१९) अभिभावकको अभिलेखराख्ने: (१) स्वास्थ्य संस्थाले तोकिदिएको ढाँचामा सेवाग्राहीको अभिलेख राख्दा सेवाग्राहीको बाबु, आमा, बाजे, बज्यैको नामथर,ठेगानाउल्लेख गर्नुपर्दछ र त्यस्तो अभिभावक नभएका सेवाग्राहीको हकमा सेवाग्राहीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सेवाग्राहीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ।

२०. स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार: (१) नियमावलीको नियम (१९) बमोजिमका स्वास्थ्य संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) स्वास्थ्य शाखाबाट पेश भएको स्वास्थ्य योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेशगर्ने,

(ख) स्वास्थ्य संस्था तथा कार्यक्रम सञ्चालनको लागि स्रोत साधनको पहिचान संकलन तथा प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ग) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षागर्ने,

(घ) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(ङ) गाउँपालिकाको नीति निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गराउने

(च) सङ्घीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले जारी गरेका र प्रचलित कानून बमोजिम तोकिए अनुसार एवम गाउँपालिका र गाउँ स्वास्थ्य समितिले दिएका निर्देशनहरूको पालनागर्ने,

(छ) स्वास्थ्य संस्थामा सबैले उचित र सरल तथा सहज सेवापाउने वातावरण कायमराख्ने,दिइएको सेवा र गुणस्तर बारे वर्षको कम्तीमा एकपटक सार्वजनिक परीक्षण गराउने तथा सो प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ स्वास्थ्य समितिमा पेशगर्ने,

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था व्यवस्थापन समितिमा रहन सक्नेछैन।

तर पदेनकोहकमा सो व्यवस्था लागू हुनेछैन।

(४) नियमन तथा भरपर्दो सेवा प्रवाहमा सहजीकरण तथा रेखदेख गर्नु गराउनुपर्नेछ।

२१.स्वास्थ्य संस्था सञ्चालन कार्यविधिः (१) प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य–मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिनआउने नागरिकले पाउने सेवा विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि पारित गराई गाउँ स्वास्थ्य समितिको स्वीकृतिमा लागू गर्नुपर्नेछ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयो गपुऱ्याउनु व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ।

(३) कार्यविधिको पारित भएको मितिबाट पन्ध्र दिन भित्र गाउँस्वास्थ्य समितिमा पेशगरी स्वीकृति लिनुपर्नेछ।

२२. निजी, सामुदायिक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले शर्त पालना गर्नुपर्नेः (१) निजी, सामुदायिक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले देहायका शर्तपालना गर्नुपर्नेछ:

(क) कुनै पनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन अनुमति र स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्नेछ।

(ख) अनुमति/स्वीकृति लिंदातोकिएको मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा गाउँपालिकामा वार्षिक प्रतिवेदन र लेखाप्रतिवेदन पेश गर्नुपर्नेछ।

(घ) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई गाउँपालिकाबाट स्वीकृत भए बमोजिमको न्यूनतम तलबस्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने गराउने।

(ङ) सङ्घीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँ स्वास्थ्यसमितिको निर्देशन पालनागर्ने।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद– ५

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन तथा सुर्ती जन्य पदार्थ नियमन सम्बन्धी व्यवस्था

२३.संक्रामकरोगको रोकथाम, सूचना तथा उपचार: (१) संक्रामक रोगहरू भन्नाले अनुसूची–८ मा उल्लेख भएबमोजिमका रोगहरु तथा भविष्यमा आउनसक्ने नयाँखालका संक्रामक रोगहरुलाई समेत बुझिनेछ र त्यस्तो रोगको नियन्त्रण गर्न आवश्यक उपाय अबलम्वन गर्नु सबैको दायित्व हुनेछ।

(२) संक्रामक रोगहरूलाई उपचार गर्ने प्रक्रिया: रोगहरुको उपचार गर्ने स्वीकृत उपचार मापदण्ड (Standard Treatment Protocol) मा व्यबस्था भएबमोजिम हुनेछ। स्तरीय उपचार पद्धति बमोजिम उपचार गर्नु सरकारी, निजी, गैरसरकारी लगायतका सम्पूर्ण स्वास्थ्य संस्था तथा स्वास्थ्य कर्मीको जिम्मेवारी हुनेछ। उक्त उपचार पद्धति बमोजिम उपचार भए नभएको बिषयमा सम्बन्धित स्वास्थ्य संस्थालाई निकाय तथा स्वीकृति दिने निकायले अनुगमन गर्नेछ।

(३) संक्रामक रोगको सूचना सम्प्रेषणगर्ने देहाय बमोजिमको माध्यम हुनेछ:

(क) संक्रामक रोगको सूचना सम्प्रेषण भन्नाले आफ्नो स्वास्थ्य संस्था अन्तर्गत देखा परेका संक्रामक रोगको जानकारी माथिल्लो निकायलाई गराउने तथा रोग ररोगथामकाबारेमा जनसमुदायलाई उचित सूचना सम्प्रेषण गर्नुलाई सम्झनुपर्दछ।

(ख) संक्रामकरोगको निदान गरीसोको विस्तृत जानकारी आधिकारिक प्रवक्ता मार्फत जनसमुदायमा स्थानीय उपलब्धता हेरी देहाएका मध्ये उपयुक्त माध्यमबाट सूचना सम्प्रेषण गर्नुपर्नेछ।

(१) श्रव्य:स्थानीय एफ.एम. रेडियो नेपाल

(२) श्रव्यदृश्य: स्थानीय केबुल टेलिभिजन, नेपाल टेलिभिजन, प्राइभेट टेलिभिजन

(३) छापा:पमल्पेट, पोस्टर, दैनिक पत्रपत्रिका

(४) सामाजिक सञ्जाल:फेसबुक, ट्वीटर, वेवसाइट तथा अन्य विद्युती यमाध्यम

(४) नयाँखालका कुनै संक्रामक रोग देखापरेमा निजी, सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्था, अस्पतालहरुले सम्बन्धित स्थानीयतह, प्रदेश स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालयमा तुरुन्तै सूचना दिनु पर्नेछ।

२४. सूचना को मापदण्ड सम्वन्धि व्यवस्था: सरल, स्पष्ट भाषा (नेपाली वा स्थानीय), ध्यानाकृष्ट गर्नसक्ने, छोटोछरितो, तथ्यपरक, एकरुपता अपनाउनु पर्ने बानी, व्यवहार र त्यसको फाईदा बारे उल्लेख भएको, बदलिंदो अवस्था र आवश्यकता बमोजिम भ्रम/मिथ्यालाई औंल्याई सहीसूचना समयमानै नियमितरुपमा सम्प्रेषण गर्ने खालको हुनुपर्नेछ।

२५.संक्रामकरोगको रोकथाम सम्बन्धी अन्य व्यवस्था: (१) क्षेत्रको सिमानाका तथा आवागमनका अन्य क्षेत्रहरु जस्तै एयरपोर्ट आदिमा तालिम प्राप्त स्वास्थ्यकर्मी सहितको नाका स्वास्थ्य कार्यालय स्थापना गर्नेछ । उक्त नाका स्वास्थ्यकार्यालयले International Health Regulation ले व्यवस्था गरे बमोजिमको संक्रामक रोगको स्क्रिनिङ, क्वारेन्टाइन, आइसोलेसन र अन्य आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(२) स्थानीय तहका सबै स्वास्थ्य संस्थाहरुमा अनिवार्यरुपमा द्रुतप्रतिकार्य टोली (Rapid Response Team)को व्यवस्था गनुपर्नेछ।

(३) स्वास्थ्यकर्मीहरुले सेवा प्रवाह गर्दा संक्रमण रोकथाम (Infection Prevention) अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(४) सम्बन्धित निकायले स्वास्थ्यकर्मीलाई स्तरीय उपचार पद्धतीको बारेमा तालिमको व्यवस्था गर्नेछ।

(५) संक्रामक रोग रोकथामका लागि सम्बन्धित निकायले सरसफाई, स्वच्छ खानेपानीको व्यवस्था तथा स्वास्थ्य संस्था जन्यफोहोरमैलाको व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ।

२६. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने: (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभावक्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायीरुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिकोलागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ।

## परिच्छेद–६

## विविध

२७.सरसफाई तथा फोहोर मैला व्यवस्थापन सम्वधी व्यवस्था: (१) प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य जन्यफोहोर मैलालाई कम्तीमा पनि दुई भाग जोखिम रहित फोहोरमैला र जोखिमयुक्त फोहोरमैलामा छुट्याई फोहोरको उचित व्यवस्थापन गर्नुपर्नेछ।

२८.जोखिमयुक्त हिमालीक्षेत्रमा कामगर्ने कामदारको स्वास्थ्य र पेशागत सुरक्षा सुनिश्चित गर्नुपर्ने:–जोखिमयुक्त हिमाली क्षेत्रमा  (गाइड, भरिया आदि) काम गर्ने कामदारहरुलाई रोजगारदाताले आवश्यक वैयक्तिक स्वास्थ्य सुरक्षा सामाग्रीहरु उपलब्ध गराई अनिवार्य प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेछ।

(२) खाद्यान्न, मासु लगायत वस्तुको न्यूनतम मापदण्ड खाद्यपदार्थको स्वच्छता तथा गुणस्तर नियमनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा तोकिए बमोजिम हुनेछ।

(३) शारीरिक परीक्षण नगरी कुनै पनि पशुपंक्षी बध गरी मासु बिक्रीवितरण गर्नपाइनेछैन।

(४) पिउने पानी बिक्री वितरणगर्ने उद्योग/संस्थाहरुले पानी पिउन योग्य भए नभएको गुणस्तर परीक्षण पश्चात मात्र बिक्रीवितरण गर्नपाइनेछ।

२९. सुरक्षित क्षेत्रकोरुपमा कायम गर्नुपर्नेः (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुननदिने गरी सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवम दुर्व्यवहार दण्डनीय हुनेछ।यदि भएगरेको पाइए प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(४) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिंदासेवालिनेको व्यक्तिगत गोपनीयताको हकसुरक्षित गराउनु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्यहुनेछ। व्यक्तिगत गोपनीयताको हकसुरक्षित नभएको वा सुरक्षाका नाममा अन्यथा भए, गरेको पाइए प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

३०.प्रगति विवरण बुझाउनुपर्नेः गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले मासिक, चौमासिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन गाउँको स्वास्थ्य शाखामा पेशगर्नुपर्नेछ।

(२) निजी स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ।

(३) उपनियम (१) र (२) माजुनसुकै कुरा उल्लेख भएपनि गाउँपालिका तथा सम्बन्धित निकायले स्वास्थ्य संस्थालाई प्रतिवेदन मागगरेको अवस्थामा कुनै पनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नुपर्नेछ।

३१. दण्डसजायः (१) निजी, सामुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँ स्वास्थ्यसमितिको सिफारिसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ।

(२) देहायका कसुर गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी प्रचलित कानूनले तोकिए बमोजिम सजाय हुनेछः–

(क) उपचार र सेवासँग सम्बन्धित विषयको व्यक्तिगत गोपनीयता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिंदा लापरवाही, विभेदवा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) उपचारमा नियत राखी दुःख  दिएमा वा अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा।


३२.पुनरावेदनः गाउँपालिका तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम सम्बन्धित व्यक्तिले पुनरावेदन गर्नसक्नेछ।

३३. बचाउः यस अघि यस नियमावली बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भएगरेका मानिनेछ।

अनुसूची१
भवन सम्बन्धी मापदण्ड
(दफा ३ को खण्ड (ख) सँग सम्बन्धित)

मापदण्डमा उल्लेख गरिएका भए सोहीअनुसार तथा नभएकाहकमा देहायका मापदण्ड अनुसार कायम गरिनुपर्नेछ।

- अधिकतम ग्राउण्डकभरेज- ४०प्रतिशत
- Floor Area Ration (FAR) – २.५
- न्युनतम पार्किङ स्थल– जम्मा जग्गाको २५ प्रतिशत
- भवनको सेट ब्याक (Set Back) -  कम्तिमा ३ मिट/ भवनको चारैतिर
- लाई टप्लेन(Light Plane) – ६३.५डिग्री



अनुसूची २
पूर्वाधार स्वीकृतिको मनसाय पत्रको लागि निवेदन फारम
(दफा–४ सँग सम्बन्धित)
निवेदन फारमः

श्री……………………………………………………………………………………………
………………………………………………।

निम्नानुसार प्रस्तवित अस्पतालको सञ्चालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसारका गजात सहित निवेदन फारम पेश गरेका छु/छौं।

कार्यकारी अधिकृत/ सञ्चालक समितिको तर्फबाट………………

१. अस्पतालको नाम: शैयासंख्या:
२. साधारणसेवा/ विशेषज्ञ सेवा अस्पताल के हो उल्ले खगर्ने:
३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :
गाउँपालिका: वडानं: टोल:
ब्लकनं: टेलिफोन: मोबाइल:
पो. ब. नं:
४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र) :
नाम:
ठेगाना:
नागरिकता नं:
मोबाइल नं:
फोन नं:

५. अस्पतालकालागि आवश्यक जग्गा र स्वामित्वका

क. जग्गाको कित्ता, क्षेत्रफल र स्वामित्वको प्रकार:

ख. लिजमा भए कबुलियतनामा पेशगर्ने:

६. अस्पतालका वित्तीय स्रोत:

१. निजी लगानी

२. बैंककर्जा

३. सरकारी

४. अनुदान सहयोग

५. गैरसरकारी संस्थाबाट कर्जा लिइ सञ्चालन गर्ने भए सोको विवरण

अन्य वित्तीय लगानी:

(स्थीर पूँजीलागत) रु...............

(क) भवन तथा जग्गाको लागि:- रु. ..................

वित्तीय लगानी(चालु पूँजी लागत) रु. ...............

औजार उपकरणकालागि :रु. ...................

(ख) वित्तीय लगानी(चालु पुँजी लागत) रु. ...........

रोजगार संख्या:

(ग) अनुमानित आम्दानी: रु. ...............

अनुमानित मुनाफा: ....................

मासिक:रु. .................

त्रैमासिक:रु. .............

वार्षिक:रु. .......

| निदानात्मकसेवा | प्रतिकारात्मकसेवा | उपचारात्मकसेवा |
|---|---|---|
| एक्सरे | खोप | प्रसूतितथास्त्रीरोग |
| अल्ट्रासाउण्ड | गर्भवती, सुत्केरीजाँच | जनरलमेडिसिन |
| इन्डोस्कोपी | परिवारनियोजन | जनरलसर्जिकल |
| इसीजी, ट्रेडमिल | | विशेषज्ञसेवा: जस्ता प्रसूतिसेवा, मृगौलारोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिकसेवा |
| प्रयोगशाला | | |

७) देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

क) स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरुको विवरण:

ख) संस्थामा प्रयोग हुने आवश्य कउपकरणहरुको विवरण(संलग्न गर्ने) :

१) ..................................................................

२ ) ........................................

३) ..............................

४)................................................

संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक जनशक्तिको विवरण(संलग्न) :

**१) विशेषज्ञ:**

नाम:

पद:

योग्यता:

पार्टटाइम:

फुलटाइम:

**२) प्राविधिक:**

नाम:

पद:

योग्यता:

पार्टटाइम:

फुलटाइम:

**३) प्रशासनिक:**

नाम:

पद:

योग्यता:

पार्टटाइम:

फुलटाइम:

*नोट:*

१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने। सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२ ) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्यगर्ने मञ्जुरीनामा समेत संलग्न हुनुपर्ने।

३ ) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३को उपदफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

४) प्रविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

## अनुसूची ३
## स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम
**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**१. संस्थाको नाम:**

शैयासंख्या:

२. साधारणसेवा र विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्ने:

३. संस्थाको ठेगाना (पत्रचार गर्ने ठेगाना) :

वडा नं:
व्लक नं:
जिल्ला:
टोल:
टेलिफोन नं:

**४. संस्थाखोल्ने व्यक्तिहरु:**
नाम:
नागरिकतानं. :
ठेगाना:
फोननं. :
मोबाईलनं. :

५. संस्थाको वित्तीय स्रोत:

क. निजी:

ख. शेयरकर्जा:

ग. सरकारी

घ. गैरसरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भएसो उल्लेख गर्ने:

वित्तयि लगानी:(लागत) रु:

क. भवन तथा जग्गाको लागि:
औजार उपकरण:
जनशक्ति:

अनुमानित आम्दानी:

अनुमानित मुनाफा:

मासिक:

| निदानात्म कसेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्सरे | खोप | प्रसूति तथा स्त्रीरोग | एम सिएच क्लिनिक |
| प्याथोलोजी ल्याव | आहा र विहार | जनरल मेडिसिन | परिवार नियोजन |
| अल्ट्रासाउण्ड | | जनरल सर्जिकल | प्रसुति सेवा |
| इण्डोस्कोपी | | विशेषज्ञ सेवा | |

त्रैमासिक

वार्षिक:

६. नर्सिङ होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरु विवरण कुन–कुन सेवा पुऱ्याउने हो? खुलाउने।

७. संस्थामा प्रयोग हुने आवाश्यक उपकरणहरुको विवरण तथा स्रोत

क)
ख)
ग)
घ)
ङ)
च)
(छ)
(ज)
(झ)

८. संस्थामा सेवा पुऱ्याउने कर्मचारीहरुको विवरण सम्बन्धित मापदण्ड अनुसार:

(क) विशेषज्ञ:

नाम:

पद:

योग्यता

पार्टटाईम:

फुलटाईमः

(ख) प्राविधिक:

नाम:

पद:

योग्यता:

पार्टटाईम:

फुलटाईम:

(ग) प्रशासनिक:

नाम:

पद:

योग्यता:

पार्टटाईम:

फुलटाईम:

नोटः

९. सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा सञ्चालन गर्ने पाईनेछ।

२. उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो उल्लेख हुनुपर्ने।

३. सबै शुल्क विवरण विस्तृत रुपमा उल्लेख हुनु पर्ने।

४. संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने।

५. कर्मचारीहरुको योग्यताको प्रमाणि तप्रतिलिपिका साथै कार्य गर्ने मञ्जुरीनामा समेत संलग्न हुनुपर्ने।

६. नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्यरुपमा संलग्न हुनुपर्ने।

७. प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने।

नोटःस्वास्थ्य संस्था सञ्चालनकालागि निवेदन दिदा संलग्न गर्नु पर्ने कागजातहरु

१.निवेदन फारम

२. कम्पनी दर्ता र संस्था दर्ताको प्रमाणित प्रतिलिपी

३. संस्था र कम्पनीको विधान र प्रवन्धपत्र, नियमावलीको प्रतिलिपी

४. स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धि विवरण:

(क) ब्यक्तिगत विवरण (Curriculum Vitae)

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपी

(ग) प्राविधिक कर्मचारीहरु सम्बन्धित काउन्सिलको दर्ता प्रमाण पत्रको प्रतिलिपी

(घ) नेपालीनागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाईमर, फुल टाईमर किटान गर्नु पर्नेछ)

(च) मञ्जुरीनामा र कबुलियतनामा

७. औजार उपकरणको विवरण तथा स्रोत

८. सम्पूर्ण सेवाशुल्क
९. भौतिक सामाग्रीको विवरण
१०.प्रारम्भिक वातावरणीय परीक्षण ..... वावातावरणीय प्रभाव मूल्याङ्कन .... स्वीकृति पत्रका प्रतिलिपी
११. अस्पतालको विस्तृत सर्वेक्षण सहितको प्रस्ताव
१२. अस्पतालको आर्थिक नियमावली
१३. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति
१४. प्रदान गरिने सेवाको विवरण
१५. जग्गा र घरको स्वामित्व
१६. घर र कोठा बहाल लिई गर्ने भए घर बहाल सम्झौता (पत्र र भवन स्वास्थ्य संस्थासञ्चालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिस पत्र
१७. भवनको स्वीकृतनक्शा
१८. संस्थाको चल अचल सम्पत्ति विवरण तथा वित्तीय स्रोत
१९. संस्थाको कार्य योजना(Work Schedule)
२०. PANमादर्ता नम्वर:
२१. करचुक्ता प्रमाण पत्र (लागू हुने अवस्थामा मात्रै)
२२. लेखापरीक्षण प्रतिवेदन (लागू हुने अवस्थामा मात्रै)
२३.वडापत्रका नमूना
२४. सम्बन्धित निकायको भवन संहितासम्बन्धि स्वीकृति पत्र
२५. रु. १०को हुलाक टिकट
२६. मूल्य अभिवृद्धि कर वा आय करमा दर्ता भएको प्रमाणपत्र
२७. भवन निर्माण सम्पन्न प्रमाण पत्र
२८. सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहितको मापदण्ड बमोजिमभएको स्वीकृति पत्र।

## अनुसूची४

स्वास्थ्य संस्था तथा नवीकरण अनुमति दस्तुर

| क्र.सं. | सँस्थाको किसिम | शुल्कनिर्धारण इकाइ | स्थापनाका लागि दस्तुर रकम.रु. | नवीकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ्होम | शैयासंख्या | प्रतिशैया रु.४०००/ | प्रतिशैया रु.५००-/ |
| २ | डायग्नोस्टिक | सेवाप्रकार | प्रतिशैया रु.१००००-/ | प्रतिशैया रु.१०००-/ |
| ३ | पोलिक्लिनिकरक्लिनिक | सेवाप्रकार | प्रतिशैया रु.१०,०००-/ | प्रतिशैया रु.१,०००-/ |
| ४ | आयुर्वेदअस्पतालकोरवैकल्पिकचिकित्सा | शैयासंख्या | प्रतिशैया रु.२,०००/ | प्रतिशैया रु.५००-/ |
| ५ | आयुर्वेदक्लिनिक | सेवाप्रकार | प्रतिशैया रु.५,०००/ | प्रतिशैया रु.५००-/ |

नोटःनेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लेखित दस्तुरमा “क” बर्गकालागि पचहत्तर प्रतिशत, “ख” बर्गकालागि पचास प्रतिशत र “ग” बर्गकालागि पच्चिस प्रतिशत छुटदिईनेछ।

अनुसूची५

स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको बडा पत्रको ढाँचा

| सिनं | प्रदान गरिने सेवा विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची६


स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्य कर्मीको विवरणको ढाँचा

मितिः

| सि .नं . | स्वास्थ्य कर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची–७

खुम्बु स्वास्थ्य सुरक्षाकार्डको नमुना







अनुसुची८

(नियमावलीकोनियम४०कोउपनियम१अनुसार)

संक्रामकरोगहरुकोतालिका

| सिनं | English Name | नेपालीनाम |
|---|---|---|
| १ | Hepatitis A | हेपाटाईटिसए |
| २ | Hepatitis E | हेपाटाईटिसई |
| ३ | Hepatitis B | हेपाटाईटिसबि |
| ४ | Typhoid | टाईफाइड |
| ५ | Malaria | मलेरिया |
| ६ | Dengue | डेङ्गु |
| ७ | Japanese Encephalitis | जापानीज ईन्सेफलाइटिस |
| ८ | Brid Flue H5N1 | बर्डफ्ल्यु H5N1 |
| ९ | Swine Flue H1N1 | स्वाइनफ्ल्यु H1N1 |
| १० | Rabies | रेबिज |

| | | |
|---|---|---|
| ११ | HIV Aids | एच आइ भि एड्स |